गौमुल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
घटमुना, बाजुरा
सुदूरपश्चिम प्रदेश, नेपाल
☎ ९८४८४९२७२७

**बेरोजगार व्यक्तिको सुचीमा सुचीकृत हुन निबेदन दर्ता सम्बन्धि सुचना ।**

प्रथम पटक प्रकाशित मितिः २०७९।१०।२९ गते

प्रस्तुत विषयमा श्रम,रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय प्रधानमन्त्री रोजगार कार्यक्रमको पत्र संख्या २०७९/०८० च.नं./pmep ३३५ को पत्र अनुसार प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजनाको कार्यान्वयनका लागि सामाजिक र आर्थिक अवसरबाट वञ्चित महिला, आदिवासी, जनजाति, मधेसी, दलित, तथा अन्य सिमान्तकृत समुदाय लगायतलाई सामाजिक संरक्षण उपलब्ध गराउने उदेश्य बमोजिम हरेक नेपाली नागरिकलाई रोजगारीको हक प्रत्याभुति गराउन तोकिएको मापदण्ड पुरा गरेका नेपाली नागरिकहरुले रोजगारीको हक सम्बन्धी ऐन २०७५ रोजगारीको हक सम्बन्धि नियमावलि २०७५ को नियम ७ को अनुसूचि १ बमोजिम आफु स्थायी बसोवास गरेको वडा कार्यालयमा वा स्थानिय तहमा रहेको रोजगार सेवा केन्द्रमा फागुन मसान्त भित्र आ व २०८०/०८१ को लागि निबेदन फारम भर्न सम्बन्धित सबैमा जानकारीका लागि यो सुचना प्रकाशन गरिएको छ।

आवश्यक कागजातहरु:

१. सम्बन्धिन व्यक्तिको नागरिकताको फोटोकपीको प्रतिलिपी एक प्रती।

२. हाल सालै खिचिएको फोटो एक प्रती।

३. उमेर १८ वर्ष पुरा भई ५९ वर्ष ननाघेका नेपालि नागरिक

४. निबेदन दिंदाको मितिसम्म सोही आर्थिक वर्षमा न्यनतम एक सय दिनको रोजगारमा संलग्न नभएको हुनु पर्ने।

५. स्वरोजगारमा संलग्न व्यक्तिको हकमा निबेदन दिंदाको मितिसम्म सोही आर्थिक वर्षमा न्युनतम एक सय दिनको रोजगारी वाफत प्राप्त गर्ने नेपाल सरकारले तोकेको न्युनतम पारिश्रमिक बराबरको आय चालु आर्थिक वर्षको सन्दर्भमा रु .५७७००।भन्दा कम आय भएको हुनु पर्ने छ।

६. सम्बन्धित बेरोजगार व्यक्तिको परिवारको नागरिकता तथा जन्म दर्ताको प्रतिलिपि १ प्रति

७. नागरितामा फरक जारी जिल्ला भएमा वसाईसराई तथा विवाह दर्ताको प्रतिलिपि अनिवार्य हुनुपर्नेछ।

८. निबेदकको बैंक खाता र सम्पर्क नम्बर

९. फारम सम्बन्धित वडा कार्यालय, रोजगार सेवा केन्द्र तथा प्रधानमन्त्री रोजगार कार्यक्रमको वेभ साईट http://pmep.gov.np वाट समेत डाउनलोड गर्न सकिनेछ ।

बोधार्थः श्री सुचना तथा प्रविधि शाखा वेभ साईटमा अपलोड गरिदिन हुन ।



CamScanner